"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमति प्रदेश, नेपाल

प.सं.: 066166
च.नं: 520

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२३७

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

मिति २०७७/०६/१८

## सूचना ! सूचना !! सूचना !!!

विषयः- सजगता सम्बन्धमा ।

मिति २०७७ साल अश्विन १६ गते कोभिड - १९ संक्रमण नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी जिल्लास्तरीय Covid –19 Crisis Management Centre को निर्णय नं ३ बमोजिम अनुरोध भई आएकोमा कोरोना भाइरस (कोभिड) १९ को संक्रमण दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको हालको परिस्थीतिमा यस नगर क्षेत्रका केही क्षेत्रहरुमा पनि covid १९ को पोजेटिभ केशहरु देखिएको हुँदा नजिकिदै गरेको चाडबाडको समयलाई मध्यनजर गर्दै विभिन्न समूदायहरुमा मनाईने जात्रा तथा पूजाका कार्यक्रम आयोजना गर्दा परिवार भित्रका सदस्यहरुबाट मात्र सञ्चालन गर्ने र सार्वजनिक रुपमा गरिने खेलकुदका गतिविधिको आयोजना समेत नगर्नुहुन सवैमा अनुरोध छ ।

(लोक बहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७ साल आश्विन १६ गते कोभिड-१९ संक्रमण नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी जिल्लास्तरीय Covid-19 Crisis Management Center का संयोजक तथा प्रमुख जिल्ला अधिकारी श्री शिवराम पोखरेलको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

सल्लाहकार:

| | | |
|---|---|---|
| १. श्री उद्धव के.सी. | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय, काभ्रे |
| २. श्री अशोक कुमार व्याञ्जु श्रेष्ठ | नगर प्रमुख | धुलिखेल नगरपालिका कार्यालय, काभ्रे |

उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री शिवराम पोखरेल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| २. श्री लक्ष्मीदेवी होमागाई खतिवडा | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| ३. श्री केशव प्रसाद रिजाल | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय, काभ्रे |
| ४. श्री नरेश के.सी. | प्र.से. | विष्णुदल गण, काभ्रे |
| ५. श्री रविकुमार पौडेल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, काभ्रे |
| ६. श्री महेश के.सी. | स.प्र.उ. | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., काभ्रे |
| ७. श्री सरोज निरौला | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, काभ्रे |
| ८. डा. श्री नरेन्द्र कुमार झा | स्वा. प्र. | स्वास्थ्य कार्यालय, काभ्रे |
| ९. डा. श्री सुमन ताम्राकार | प्रवक्ता | धुलिखेल अस्पताल, काभ्रे |

आमन्त्रि:

| | | |
|---|---|---|
| १. श्री विमला कुमारी शर्मा चौलागाई | उप-प्रमुख | धुलिखेल नगरपालिका कार्यालय, काभ्रे |
| २. श्री पुरुषोत्तम सुवेदी | प्र.प्र.अ. | धुलिखेल नगरपालिका कार्यालय, काभ्रे |

निर्णयहरु:

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को प.सं. शा.सु.०७७/०७८-६ च.नं. १०२९ मिति २०७७।०६।१५ को पत्र बैठकमा जानकारी भयो । सो सम्बन्धमा कोभिड-१९ को पिसिआर परिक्षण शुल्क सबै प्रयोगशालाहरुका लागि सबै शुल्क सहित दुई हजार रुपैयाँ तोकिएको हुँदा सो भन्दा बढी लिने गरेका प्रयोगशालाहरुलाई कालोबजारी गरेको आधारमा प्रयोगशाला बन्द गर्ने गराउने ।

२. नेश्नल टेष्टिङ्ग गाइडलाइन अनुसार परिक्षणमा नपरेका तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परिक्षणका लागि नतोकेका व्यक्तिहरुको नमूना लिई परिक्षण गर्ने गराउने वा सूचिकृत नभएका प्रयोगशाला वा बिचौलियाका रुपमा कुनै पनि व्यक्ति वा संघ संस्थाले कोभिड-१९ परिक्षणका लागि नमूना लिने गरेको वा सहजिकरण गर्ने गरेको पाइएमा छानविन गरी कडा कारवाही गरिने भएकोले सम्बन्धित सबैलाई जानकारी दिने ।

३. चाडबाडको समय भएकाले विभिन्न समुदायहरुमा मनाईने जात्रा तथा पूजाका कार्यक्रम आयोजना गर्दा परिवार भित्रका सदस्यहरुबाट मात्र सञ्चालन गर्ने र सार्वजनिक रुपमा गरिने खेलकुदका गतिविधिको आयोजना नगर्ने व्यवस्थाका लागि सबै स्थानीय तहहरुमा अनुरोध गर्ने ।

धुलिखेल नगरकार्यपालिकाको कार्यालय
दर्ता मिति: 2066/06/19
दर्ता नं: 99C2
हस्ताक्षर: